# अर्जुनचौपारी गाउँपालिका

## आ.व. २०७५/७६ को
## बार्षिक गाउँविकास योजना
## पुस्तिका

अर्जुनचौपारी गाउँपालिका
गण्डकी प्रदेश, स्याङ्जा

# अर्जुनचौपारी गाउँपालिकाको तेश्रो गाउँसभामा गाउँपालिका अध्यक्ष श्री दीर्घनारायण अर्यालज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम २०७५

पार्षद महोदय

यस गरिमामय तेश्रो गाउँ सभाको ऐतिहासिक घडीमा उपस्थित सम्पूर्णमा हार्दिक स्वागत गर्न चाहन्छु। नेपाली जनताले पटक पटक गरेको त्याग र बलिदान, ऐतिहासिक जनआन्दोलनको गौरबमय इतिहासका विभिन्न काल खण्डमा देश र जनताका निम्ती आफ्नो ज्यान आहुती गर्नु हुने ज्ञात अज्ञात महान सहिदहरु प्रति भाबपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाईते, अपाङ्गता भएका सम्पूर्ण योद्धाहरु टुहुरा एवं बेपता तिनका पपिरवारजनहरुमा पुनः स्मरण गर्दै मन, बचन र कर्मले सदा सर्वदा सेवामा समर्पण हुने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान, २०७२ को कार्यान्वयन स्वरुप स्थानीय तहको निर्माण पश्चात नेपालको इतिहासमा पहिलो पटक गठन भएको स्थानीय सरकारको नीति तथा कार्यक्रमले सवै वडाहरुमा अभूतपूर्व कार्यहरुको थालनी भइरहेको र थोरै भए पनि उल्लेख्य सुधार भएको महशुस गर्दै अत्यन्तै गौरवान्वित भएको छु । अर्जुनचौपारी गाउँपालिका निर्माणको क्रममा Smart Village को परिकल्पना गरेका थियौं साथै प्रथम गाउँ सभाले समेत Smart Village को प्रतिवद्धता अनुरुप सरसफाई अभियान, शैक्षिक सुधार, सडक सञ्चालमा पहुँच, सवै वडामा सोलार जडान, सवै वडाहरुमा ईन्टरनेट सुविधा, PSTN Land Line टेलिफोनको सुरुवाट जस्ता कार्यहरु दिगो विकासका सूचक हुन । विकास निरन्तर चलिरहेने प्रकृया भएकोले आर्थिक, समाजिक, भौतिक तथा राजनैतिक समेत परिर्वतन हुने गर्दछ । आज हामी अर्जुनचौपारी गाउँपालिका बासीले समुन्नत दिगो विकासको लागि "अर्जुनचौपारी गाउँपालिकाको शान कृषि र पर्यटन विकासमा अभियान" भन्ने मूल मन्त्रका साथ यस गाउँपालिकालाई समुन्नत एवं सम्वृद्ध अर्जुनचौपारी गाउँपालिका निर्माणमा कृषि, पशुपालनमा आधुनिकिकरण गरी कृषकको चाहना अनुसार आयआर्जनका लागि सीप विकास तालिम र कार्य संचालनमा अनुदानको व्यवस्था, बिमा व्यवस्थाले प्रत्यक्ष रोजगार एवं व्यवसायिकता टेवा मिल्ने र सहकारीको माध्यमबाट बजारीकरण हुने महशुस गरेको छु । दिगो आर्थिक सम्वृद्धिको लागि पूर्वाधार विकास, उत्पादनमा विशेष जोड दिर्दै कृषिमा आत्मनिर्भर हुन सक्नु आजको आवश्यकता हो । आय आर्जनको पूर्वाधार कृषि र पर्यटन भएको र अर्जुनचौपारी गाउँपालिका पनि कृषि र पर्यटनमा प्रचुर सम्भावना भएको कारणले अर्जुनचौपारी गाउँपालिका बासिहरुमा कृषिमा आत्मनिर्भर बन्न आब्हान गर्दै यस गरिमामय तेश्रो गाउँसभामा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधानले तीन तहको स्थानीय सरकारको व्यवस्था गरेसंगै जनताको नजिकको सरकारको रुपमा स्थानीय तहले स्थानीय सरकारको रुपमा संवैधानिक अधिकार प्राप्त गरेको एक बर्ष ब्यतित गरेको छ । यस अवधिमा हाम्रो कार्य मुलतः आफना ऐन कानुन र दिसा निर्देशमका साथ हामीले ६ वटा कानूनहरु निर्माण गरी कार्यबिधि ,निर्देशिका र मापदण्डहरु निर्माण गरेका छौ । यीनै कानुन तथा मार्गदर्शनहरुको अधिनमा रहि आगामी कार्यदिशा स्फष्ट भएको र हाम्रो मार्ग प्रशस्त भएको कुरा सम्मानित गाउँसभामा ब्यक्त गर्न चाहन्छु ।

**उपलव्धीहरु :**

१. गाउंपालिकाको यथार्थ अवस्था पहिचान गर्न गाउँ पार्श्वचित्र तयार गरिएको छ ।

२. पर्यटन तथा सडक यातायात गुरुयोजना, सबै सडकहरुको विस्तृत सर्भेक्षण, डिजाइन, तथा लागत अनुमान तयार गर्ने काम भैरहेको छ। प्रतिवेदन प्राप्त भएपछि यसै आ.ब.मा योजना सञ्चालन हुनका लागि प्रदेश तथा संघीय सरकारमा पेश गरिनेछ ।

४. सार्वजनिक एवं सरकारी जग्गाहरुको संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुने भएकाले हाम्रो बहाली हुनासाथ सार्वजनिक तथा सरकारी जग्गा संरक्षण समिति गठन गरिएको छ । गाउँपालिकामा सार्वजनिक र सरकारी जग्गा कति छ भन्ने तथ्यांकका साथ सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोगमा सहयोग पुग्ने छ ।

५. स्थानीय, प्रादेशिक तथा संघीय योजनाको तर्जुमा तथा कार्यान्वयनका लागि स्थानीय योजना आयोग गठन गरी कामकारबाही अघि बढाइएको छ।

६. गाउँपालिकाको केन्द्रस्थित अर्जुनचौपारी बजार चक्रपथलाइ गुरुयोजनासहित व्यवस्थित गर्ने कामको थालनी भएको छ।

७. गाउँपालिका भित्रका कक्षा १ देखी ३ सम्मका आधारभुत विद्यालयहरुको पठनपाठनमा एकरुपता कायम गर्नका लागी शिक्षकहरुलाई प्रशिक्षण कार्यक्रम संचालन गरी अंग्रेजी माध्यमबाट पठनपाठन सूरु गरीएको छ । ३,५ र ८ कक्षामा गाउँपालिकास्तरीय परीक्षा संचालन गरी मूल्याँकन गरिएको छ।

८. गाँउपालिकाका ६ वटै वडा कार्यालयहरुमा सोलार प्यानल र इन्टरनेट जडान भएको छ ।

९. गाउँपालिकाको केन्द्रस्थित अर्जुनचौपारी बजारमा PSTN ल्याण्डलाईन विस्तारको कामको थालनी भएको छ।

१०. विभिन्न मितिमा गरी ४ वटा स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको छ । साथै गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गर्न सफल भएका छ।

११. सरसफाई सप्ताह र सरसफाई अभियानमार्फत पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणका लागि  अर्जुनचौपारी बजार चक्रपथमा सरसफाई समिति गठन गरी सरसफाई सम्बन्धी व्यवस्थापकीय कामले उदाहरणीय गति लिएको छ। फोहर व्यवस्थापनका लागि जग्गा प्राप्ति गरी सकिएको छ । साथै आगामी आ.ब.मा यस सरसफाई केन्द्रलाई नमुना सरसफाई केन्द्रको रुपमा विकसित गरिनेछ।

१२. गाउपालिका भित्र निर्माण हुने सम्पुर्ण निजी तथा संस्थागत भवनहरुको मापदण्ड बनाई नक्शा पास गर्ने र घर निर्माण गर्ने निती अवलम्बन गरीएको छ ।

१३. गाउँपालिकाभित्र संचालन गरिने व्यापार व्यवसायलाइ दर्ता गरी व्यवसाय करको परिधीमा समावेश गर्न काम सूरु गरिएको छ।

१४. दरौखोलाको डिपीआर तयार गरिएको छ । सो को कार्यान्वयनका लागि सम्बन्धित निकायसंग बजेट तथा कार्यक्रम माग हुनेछ।

१५ सवै वडा कार्यालयमा सडकहरुके पहुँच पुगेको  छ ।

१) मुलभुत नीतिहरु

- सेवा प्रबाहलाइ सूचना तथा संचार प्रविधिसंग आवद्ध गर्दै पारदर्शि र सुशासन युक्त सेवा प्रवाहमा जोड दिइनेछ ।
- विकास आयोजनाको तर्जुमा गर्दा देखि नै ब्यापक जन सहभागिता र अपनत्व बोध हुने गरी आयोजना छनोट तथा कार्यान्वयनमा ब्यापक जनसहभागिताको सुनिश्चतता गरिने छ ।
- गाउँपालिकामा संचालित ठुला तथा साना विकास आयोजना तथा कार्यक्रमलाई परिणाममुखि र यथार्थपरक बनाउन सघन अुनगमन गरिनेछ ।
- ठुला पुर्वाधार आयोजनाको गुणस्तरीयता,दिगोपना र आवस्यकताको परिपुर्तिलाइ मध्यनजर गरि बिस्त्रीत लागत सर्भेक्षणको सुरुवात गरिनेछ ।
- सामाजिक परिचालन मार्फत लक्षित,बिपन्न तथा सिमान्तिकृत बर्गको सशक्तिकरण, उत्थान र मुलप्रवाहीकरणमा जोड दिइनेछ ।

- विकास प्रशासनमा शुसाशन प्रबर्दनका लागि सार्वजनिक सुनुवाइ,सार्वजनिक परिक्षण,नागरिक हेल्प डेस्क,गुनासो सुनुवाइ ब्यबस्थापन, हेलो अर्जुनचौपारी सरकार, थाह्ा पाउनु मेरो अधिकार जस्ता कार्यक्रम तर्जुमा गरि पारदर्शिताको सुनिश्चितता गरिने छ ।
- गाउँपालिकाको आर्थिक समाजिक विकास र समृद्धिको लागि राजनीतिक दल,करदाता, समाजसेवी, बुद्धिजिवि, नागरिकसमाज लगायत सम्पुर्ण जनताको सल्लाह र सुझाव लिदै बिकासका लागि हातेमालोमा जोड दिइने छ ।
- शुसासन तथा पारदर्शिताका लागि INFORMATION TECHNOLOGY को प्रयोग गरि हातहातमा गाउँपालिकाका गतिबिधि पहुँच पुरयाईने छ ।
- व्यवसायिक कृषि उत्पादनमा जोड दिई आर्थिक विकासका लागि सहकारी क्षेत्रको पूँजी परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको भवन निर्माणका लागि जग्गा प्राप्त गरी भवन बनाउने कार्य अघि बढाईनेछ ।

# पुर्वाधार विकास

**सडक :**

यातायात पुर्वाधार गुरु योजना अनुसार बर्गीकृत भएका जिल्लाका मुख्य सडकको रुपमा मान्यता प्राप्त हेलु अर्जुनचौपारी रापाकोट तालपोखरी सडकको स्तर सुधार गर्दै गाउँपालिकाको आफनो श्रोत बाट बिग्रे भत्केका संरचनाको मर्मत संभार तथा नाली यसै बर्ष सम्पन्न गरी कालोपत्रेको सुरुवात गरिने छ । सडक यातायातमा अत्यन्त जोखिम युक्त स्थानहरुमा स्वाइलिड, ग्राभेल तथा ढलान गर्ने कार्य सम्पन्न गरिने छ ।

- अतिक्रमणमा परेका सडक सिमाहरु तत्काल हटाउन right of way कायम गरि निर्मित घर टहरा हटाउने कारबाही अगाडी बढाइनेछ,सडक छेउछाउ ढुङ्गा निकाल्ने माटो खन्ने तथा रुख बोट बिरुवा कटानी गर्ने कार्य बन्द गरिने छ । वडा सडकहरुसम्मको बाटो स्तरोन्नति गरी बस्तिहरु एक आपसमा सडक संजालमा जोडिने छ। सडक देखासिखी होइन आबस्यकता हो सडकले समस्या उठान होइन समस्या समाधान गर्दछ भन्ने मान्यता अनुरुप अनाबस्यक र कम प्रभावकारी बढी भु क्षय हुने खालका सडक खन्न निरुत्साहित गरिने छ । कार्य सम्पन्न भइ गाडी संचालनमा रहेका सडकहरुलाइ बाह्रै महिना संचालन हुने हरिया सडक green road बनाउने तर्फ जोड दिइने छ । नयाँ सडकका लागि ट्रयाक खोल्न गाउँपालिकाको अनुमती लिनु पर्ने नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिकाको सवै वडा केन्द्रहरुलाइ गाउँपालिका केन्द्र संग आवद्धहुने गरि सडक निर्माणको कार्यलाइ  प्राथामिकता प्रदान गर्दै ब्यवस्थित सडक निर्माणको लागि स्थानिय यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । केन्द्रदेखि वडा केन्द्र सम्म पुग्ने सडकहरुको नाली खन्ने,स्तर सुधार गर्ने, सडक चौडा गर्ने ,कटिङ ,ग्याविन, वाल जस्ता कामहरु तदारुकताका साथ गरी सडक बाह्रै महिना चल्न सक्ने गरी अल वेदर बनाईन वडा कार्यालयको भूमिका रहने छ ।
- सडक दुर्घटनामा कमी ल्याउन र सवारी साधनमा नियमितता ल्याउन अर्जुन चौपारी बृहद् चक्रपथ र वडा सडकमा ट्राफिक सकेतहरु आवश्क स्थानहरुमा राख्ने र क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउने तथा मादक पदार्थको प्रयोग बाट हुने दुर्घटनामा कमि ल्याउन सुरक्षा संयन्त्रको समनवयमा आबस्यक कारबाही गर्ने निती अवलम्बन गरिने छ ।
- गाउँपालिकाको केन्द्र अर्जुनचौपारी बजार चक्रपथमा सडक, ढल, नाला, कुलो, खानेपानी र सौर्यबत्तीको एकीकृत योजनाबद्ध विकास गरिनेछ  ।

**खानेपानी तथा सरसफाइ**

- पानी जिवन हो सदुपयोग गरौ भन्ने मुल नाराका साथ पानी संरक्षणका लागि मुल संरक्षणका लागि यसै बर्ष आबस्यक पर्ने सबै किसिमका कार्यहरु अगाडी बढाइने छ सुक्दै गएका मुलहरुमा पानीको पुनः आगमनका लागि रिचार्ज पोखरी, बृक्षारोपण,प्राकृतिक शुद्दिकरणका कार्यहरुमा जोडदिइने छ ।
- पानीका मुहानहरुमा नागरिकको एकलौटी अधिकार लाई निरुत्साहित गर्दै प्राकृतिक सम्पदा कसैका होइनन समान उपभोग गरौ भन्ने भावनाको बिकास गर्न र पानीको समान बितरण कायम गर्न प्राकृतिक सम्पदा माथिको स्वामित्व गाउँपालिकामा सुरक्षित राखिएको छ ।
- खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिबार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिबार्य पानी महशुल को सुरुवात गरिने छ ।
- स्वच्छ पिउने पानी लाई उच्च प्रथामिकता राखी भएका स्रोतहरुको अधिकतम प्रयोग र समानुपातिक बितरणमा जोड दिई श्रोतको अनुपातमा धाराको अवधारणा लागु गरिनेछ । यसरी प्राकृतिक मुलहरुबाट समेत खानेपानी समस्याको समाधान हुन नसक्ने बस्तिहरुका लागि लिफ्टिडका माध्यम बाट खानेपानीको व्यवस्था गर्ने अवधारणा रहेको छ ।

**भवन निर्माण**

- गाउपालिका भित्र निर्माण हुने सम्पुर्ण निजी तथा संस्थागत भवनहरुको मापदण्ड बनाई नक्शा पास गर्ने र घर निर्माण गर्ने निती चुस्त रुपमा कार्यान्वयन गरिने छ ।
- गाउँपालिकाको आफनो कार्यालय, भवन निर्माण तथा वडा नं. २ र ३ मा कार्यालय भवन संरचना चालु आ.व.मा स्वीकृत मापदण्ड बमोजिम निर्माण सम्पन्न गरिने छ ।
- कार्यालयका कार्यालय भवनहरु निर्माण गर्ने निति आफ्नै भवनहरु निर्माण सम्पन्न गरिने छ,
- सामुदायिक स्वास्थ्य इकाई ,स्वास्थ्य संस्था र गाउँ घर क्लिनिक भवनहरु क्रमसः निर्माण गर्दै लगिने छ ।
- नारी उद्धम विकास केन्द्र, युवा उद्धम विकास केन्द्र, जेष्ठ नागरीक सहायता केन्द, बहुउद्देश्यीय कृषि तथा पशु उपज केन्द्र, १५ शैय्याको आकस्मिक उपचार कक्ष सहितको अस्पताल, अर्जुनचौपारी आयुर्वेद औषधालय लगायतका भवन पूर्वाधारहरु निर्माण गरिनेछ ।

**आवास तथा पुर्ननिर्माण एकिकृत वस्ति विकास**

- यस अर्जुनचौपारीगाउँपालिका भित्र रहेका घरबार विहिन दलित अतिविपन्न सुकुम्वासी हरुको पहिचान गरि घरवासको ब्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा भुमिहिन घरबार बिहिनहरुका लागि ब्यबस्थीत बसोबासको ब्यबस्था मिलाउन जनता आवास कार्यक्रम, ,ब्यबस्थीत बसोबास कार्यक्रमहरु संगको समन्वयमा बसोबासका कार्यक्रमहरु अगाडी बढाइने छ ।
- भूकम्प पिडितहरुको लागि मापदण्ड बमोजिम निर्माणाधिन घरहरुको समयमा किस्ता माग गरी भुक्तानी दिने, प्राविधिक आउनु भन्दा अगाडी निर्माण गरिएका घरहरुको बारेमा प्राधिकरण सँग समन्वय गरी रकम उपलव्ध गराउन पहल गरिनेछ ।

## आर्थिक विकास

**उद्योग**

- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना तथा मझौला उद्योग स्थापना गर्दै लोक्ता प्रशोधन, अल्लो प्रशोधन, केतुकी प्रशोधन, अमला, जुस, सावन निमार्ण, धुप निमार्ण, तथा मैन वत्ती निमार्ण जस्ता घरायसी साना उद्योगहरु स्थापना गर्दै युवा जनशक्ति लाई औद्योगिक उत्पादनमा जोड दिईनेछ ।
- केन्द्रबाट हस्तान्तरण हुने रकमबाट मात्र यस पालिकाको सम्पूर्ण विकास निर्माणका कार्य सम्पन्न गर्न असम्भव भएकोले संविधानको अनुसुचि ८ को अधिनमा रहि स्थानिय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यसायलाई कानुनी दायरामा ल्याउन न्युन करको माध्यमबाट करको दायरा फराकिलो वनाई आन्तरिक आय संकलन गरिने छ ।
- उद्दमशीलताका कार्यत्रमहरु अन्तर्गत नारी तथा युवा स्वरोजगार कार्यत्रम तर्जुमा गरिनेछ ।
- प्रदेश सरकारको नीति बमोजिम गाउँपालिकामा उद्योग ग्राम स्थापना गरिने छ।

**कृषि**

- सिंचाई अभाव भएका बस्तिहरुमा मैसम अनुसारका फलफुल बिरुवा रोपण र उन्नत जातका केरा रोपणलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाको पूर्वाधारयुक्त ठाउँमा बागवानी निर्माण गरिनेछ।
- माटो परीक्षण शिविर संचालन गरी माटोको गुणस्तर पहिचान गरी एक घर एक करेशाबारी घरघरमा अर्गानिक तरकारी नीति अबलम्बन गरिने छ ।
- यस गाउँपालिकाका अधिकांस जनताको मुख्य पेशा भनेको कृषि भएकोले यस क्षेत्रको प्रबर्द्धन विकासको लागि कृषि सडक, सिंचाई सुविधा विस्तार, व्यवशायीक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ ।

- युवाहरुलाई कृषिमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समेत कृषि व्यवसायमा आबद्ध हुन प्रोत्साहित गरिने छ सोको लागि आवश्यक सहयोग र वातावरण तयार गरिने छ ।
- कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि प्रणालीको विकास गरिने छ । मल, बीउ, सिंचाइ, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । कृषि सहकारीको प्रवर्धन गरी साना किसानहरुको आर्थिक सामाजिक विकासमा टेवा पुग्ने नीति अबलम्बन गरिने छ
- रासायनिक मल विषादिका कारण मानव स्वास्थ्यमा परेको प्रतिकुल असरलाई न्युनिकरण गर्न अर्गानिक तरकारी खेतीको प्रवर्द्धन र विकासमा टेवा पुग्ने गरि यसै वर्ष देखि सहकारीको माध्यमबाट आर्गनिक खेती संचालन गरिनेछ ।
- घर वगैचा कार्यक्रम संचालन गरि स्वास्थ्य र बातावरण सुधारका लागि यस गाउँपालिका भरी १ व्यक्ति १ रुख कार्यक्रम संचालन गरिनेछ । यसका लागि कागती तथा फलफुलको विरुवालाई प्राथमिकता दिईने छ । परिवारलाई बाह्रै महिना ताजा तरकारी उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।
- पशु तथा बाली बिमा कार्यक्रम सञ्चालन गरी कृषि तथा पशु उपज केन्द्र सञ्चालन र शित भण्डार को बिकासमा सहकार्य गरिने छ ।
- कृषि-योग्य भूमिमा बाह्रै महिना सिंचाइ सुबिधा उपलब्ध गराउन नवीनतम प्रविधिको समेत प्रयोग गरी विभिन्न सिंचाइ आयोजना कार्यान्वयन गरिने छ ।
- साना सिंचाई, मझौला सिंचाई र बृहत सिंचाई योजनाको पहिचान र अभिलेखीकरण गरी नियमित सञ्चालनमा ल्याउन बिशेष योजना लागु गरिने छ ।
- आधुनिक कृषि प्रणालीमा युवा महिला तथा कृषकहरुलाइ विउ,मलमा अनुदान दिइ नगदेवाली तर्फ आर्कषित गरिनेछ । तरकारी नर्सरी प्रत्येक वडामा स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।
- हाम्रो उत्पादन हाम्रो वजार, उत्पादन मुखि युवा स्वरोजगार जस्ता कार्यक्रम कार्यान्वयन गर्न उत्पादनमा जोड दिइने छ ।
- एक गाउँ एक उत्पादन लाई मुर्त रुप दिन पकेट क्षेत्र पहिचान गर्दै फलफूल कृषि तथा तरकारी खेतीमा व्यवसायीकरण गरिने छ ।
- कृषिमा आधुनिकीरण गर्न र कृषि पेसालाई जीवन निर्वाहको माध्यम का रुपमा विकास गर्न सम्भावित स्थानहरुमा बर्षे आलु उत्पादनमा जोड दिईनेछ ।
- खेर गइरहेको पानीको समुचीत प्रयोग गर्न बहुउद्देशिय पानी प्रणाली कार्यान्वनमा ल्याइने छ ।
- उपयुक्त स्थानहरुमा पुष्प नर्सरी व्यवस्थापन र व्यवसायका लागि प्राथमिकता दिईनेछ ।

**पशुपालन**

- उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ । कृषि तथा पशु बीमा सेवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- पशु वस्तुमा लाग्ने महामारी रोगका कारण हुने क्षति र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदै यसको क्षति न्यूनिकरण गर्न नाम्ले तथा जुकाको औषधि र माहामारी विरुद्धका भ्याक्सीन अभियानका रुपमा सबै वडाहरुमा यसैवर्षदेखि संचालन गरिने छ ।
- पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतवारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस लगाउने अभियान सुचारु गरिनेछ ।
- पशुपंक्षीको मासुको बजार प्रवर्धन गर्न सुरक्षित स्थानको छनौट गरी आधुनिक पशु बधशालाको स्थापना गर्न निजी क्षेत्रसंग सहकार्य गरिने छ ।
- एग्रोभेट सेवा प्रभावकारी तथा नतिजामुखि बनाउन ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको क्षमता अभिवद्धि कार्यक्रम संचालन गरिनेछ । आगामी ५ वर्ष भित्र प्रत्येक वडामा १ जना ग्रामिण पशुसेवा कार्यकर्ताको उत्पादन र विकास गरिनेछ ।
- कुखुरापालन, माछापालन, भैसीपालन, बाख्रापालन,तर्फ युवा तथा कृषक लाइ खोर,पोखरीमा समुहमार्फत अनुदान दिइ आयआर्जनमा जोड दिईनेछ ।

**पर्यटन**

- प्राकृतिक रुपले रमणीय स्थानमा रहेको अर्जुनचौपारी गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको रुपमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिइनेछ ।
- अर्जुनचौपारी जिरोकिलो हुँदै लामडाँडा, तामुलेख, एकानन्द गुफा, घण्टे, बयाले डहरेदेउराली सम्म पैदल पदमार्गको घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रबर्धन गरिनेछ साथै होमस्टेको व्यवस्था गरिनेछ।
- प्रसिद्ध डहरे देउराली, थाप्ले लेक , तामुलेक, एकानन्द गुफा लगायतका क्षेत्रहरुको विशेष संरक्षण गरि पर्यटन प्रबर्द्धनमा जोड दिइनेछ ।
- अर्जुनचौपारी गाउँपालिका भित्रको उपयुक्त स्थान छनौट गरी भ्यूपार्क र भ्यूटावर निर्माण गरि आर्कषक दृश्यावलोकन सहित पर्यटन प्रबर्द्धन गरिनेछ ।
- गाउँपालिकाको केन्द्रमा एक बालमैत्री चिल्डेनपार्क निर्माण गरिनेछ।
- युवाहरुलाइ आत्म निर्भर, स्वावलम्वी र समाज विकासमा सक्रिय बनाउदै रोजगार सिर्जनका अवसरहरुको खोजी गरिनेछ । साथै युवाहरुको विदेशिने दरमा कमी ल्याउन

जोड दिईनेछ । युवाहरुलाइ विभिन्न खालका दुर्ब्यसनजन्य क्रियाकलापहरुबाट जोगाइ उनीहरुको श्रम सिपलाइ उत्पादनमुलक कार्यमा सक्रिय गराइनेछ ।

- गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन विकास समिति गठन गरीएको छ ।

## सामाजिक विकास

### स्वास्थ्य

- निशुल्क प्राथमिक स्वास्थ्य सेवा पाउनु जनताको मौलिक अधिकार हो भन्ने कुरामा केन्द्रित रहदै गाउँपालिका भित्र एउटा १५ शैयाको अस्पतालको रुपमा स्थापना गर्न आवश्यक कार्यको थालनी यसै वर्ष देखि गरिनेछ ।
- यस गाउँपालिकाका गाउँघरक्लिनिक र खोप क्लिनिकको स्तरोन्नती गरि आधारभुत प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पुर्वाधार विकास तथा व्यवस्थापनमा विषेश जोड दिई जनतालाइ सहज पहुँचको व्यवस्था मिलाइने छ ।
- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायसंगको सहकार्यमा पाठेघर खस्ने (आङ खस्ने) सम्वन्धी स्क्रिनिङ स्वास्थ्य शिविर जेष्ठ नागरिकको आँखा उपचार तथा मोती बिन्दुको अपरेसन शिवीरहरु संचालन गरिने छन ।
- आगामी ३ बर्ष भित्र घरमा हुने सुत्केरीलाइ शुन्यमा झार्न गाउपालिकाको केन्द्रमा नमुना ब्रथिगं सेन्टरको स्थापना गरी थालनी गरिनेछ ।
- गर्ववती महिलाहरु लाई नियमित ४ पटक स्वास्थ्य जाँच गराई स्वास्थ्यकर हुने महिलालाई पुरस्कारको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वडामा गर्भवती क्लब गठन गरी मासिक बैठक बसाउन पहल गरिनेछ ।
- विभिन्न वार्ड तथा वस्तीहरुमा स्वास्थ्य सेवाको पहुँचवाट आशिकं रुपमा बञ्चित रहेका बृद्ध बृद्धा, असाहय, एकल महिला, अपाग, अति विपन्न परिवारका सदस्य, अति गरिव दलित, टुहुरा वालवालिकाको वडा स्तरमा विभिन्न समयमा स्वास्थ्य जाँच गर्नका लागि निशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- जेष्ठ नागरिक, अपांगहरुको सामान्य स्वास्थ्य जाँच तथा उपचार, सुनौलाहजार दिनका आमाहरुलाइ गर्भ जाँच, सुरक्षित प्रसुति सेवा,सुत्केरी जाँच,पोषण सम्वन्धी स्वास्थ्य शिक्षा तथा परार्मश दिन जनता केन्द्रित स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- पुर्ण खोपयुक्त गाउँपालिका लाई कायम राख्न तथा खोपको कभरेज बढाउनका लागि बालबालिकालाइ विद्यालय भर्ना गर्दा खोप कार्ड अनिवार्य गरिने नीति अबलम्बन गरिनेछ ।
- यस गाउँपालिकाका कुपोषित बालबालिकाको स्वास्थ्य सुधारको लागि विभिन्न संघसस्थाहरु संग समन्वय तथा सहकार्य गरि पोषण सुधार कार्यक्रम अवलम्वन गरिनेछ ।

- धुम्रापन मध्यपान सुर्ती जन्य पदार्थ र यसले स्वास्थ्यमा पार्ने असर तथा मधुमेह, उच्च रक्तचाप, मुटु मृगौला रोग (नसर्ने रोगहरु) सम्वन्धी स्वास्थ्य शिक्षा तथा परार्मश कार्यक्रम लागु गरिनेछ ।
- प्राकृति तथा आयुर्बेद चिकित्सा लाइ विशेष प्रोत्साहन गर्नका लागि विशेष योजना र कार्यक्रम गर्ने नीति लिइनेछ ।
- जडिबुटी पहिचान गरी आयुर्वेद औषधीहरु निर्माण गर्न आवश्यक प्रकृया अघि बढाईनेछ

**शिक्षा**

- अर्जुनचौपारी ंबासीको इच्छा प्रबिधी मैत्री र गुणस्तरिय शिक्षा लाइ आत्मसाथ गर्दै गाउँपालिकाका सबै बिद्यालयहरु मध्ये क्रमसः प्रबिधी हस्तारन्तरणमा ल्यापटप, इ हाजिरी,प्रोजेक्टरका माध्यमबाट पठनपाठन गराइने निती यसै बर्षबाट सञ्चालन गरिने छ ।
- सामुदायिक विद्यालयको स्तरोन्नति र विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि हुने गरी प्रविधि र सुबिधायुक्त बानाउन प्रत्येक वार्डमा १/१ वटा बिद्यालयलाइ नमुना बिद्यालयको रुपमा छनोट भएका स्कुलहरुमा यसै बर्ष देखि अंग्रेजी ,कम्प्युटर शिक्षा लागु गरि समग्र गुणस्तर अभिबृद्धिका लागि आधारभुत विद्यालयमा बालविकास केन्द्रको विकास गर्ने नीति लिइएको छ ।
- यस गाउँपालिका भित्र मा.वि.र आधारभुत विद्यालय गरी जम्मा ३२ वटा विद्यालय रहेकोमा कतिपय विद्यालयमा विद्यार्थि शिक्षकको अनुपात घटी वढी भएको अवस्था विद्यमान छ सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाइ शिक्षक दरबन्दी मीलानमा जोड दिइनेछ ।
- निजी श्रोतवाट शिक्षकको व्यवस्थापन गर्नु पर्ने अवस्था रहेका बिद्यालयहरुमा आवस्यकताको पहीचान गरि स्वयंसेवक शिक्षक गाउँपालिकामा नियुक्त गरि आवस्यक बिद्यालयमा पठन पाठनमा खटाइ शिक्षक दरबन्दि अभावको अन्त गरिने छ ।
- यस गाउँपालिकामा स्नातक स्तरको क्याम्पसको उचित व्यवस्थापन गरी प्राबिधिक बिषयको क्याम्पस सञ्चालनका लागी सम्भाव्यता अध्ययनको प्रक्रिया अगाडी बढाइनेछ ।
- सबै वालवालिकालाई माध्यामिक तह सम्म कम्प्यूटर शिक्षा दिईने गरी बिद्यालयलाई आवश्यक सहयोग गरिने छ ।
- सवै विद्यालयहरुमा अग्रेजी माध्यमबाट पढाई सञ्चालन यही बर्षबाट लागू गरिनेछ ।
- समय सापेक्ष विषयगत तालिम उपलव्ध गराई शिक्षकहरुलाई उच्च मनोबलका साथ काम गर्न उत्प्रेरित हुन प्रशंसापत्र तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

**सरसफाइ तथा स्वच्छता**

- सरसफ्फाइ सप्ताह र सरसफाइ अभियानमार्फत सुरु भएको सरसफाइ गतिविधीलाई तार्किक शिर्षकमा पुर्‍याइनेछ। ल्याण्डफिल साइट, व्यवस्थित बधशाला, काँचो छाला संकलन केन्द्र र क्वाडि केन्द्र निर्माण गरिनेछ।
- सबै वडाहरुलाइ यसै बर्ष देखि क्रमसः पुर्ण सरसफाई युक्त वडाहरु घोषणाका लागि प्रारुप तयार गर्दै वातारण मैत्री वडा,पुर्ण सरसफाइ युक्त वडा,सफा बस्ती,कार्यक्रमहरु अवलम्वन गर्दै सफाघर प्रमाण पत्र प्रदान गरि स्वच्छता प्रबर्दनमा जोड दिइने छ ।
- यस अर्जुनचौपारीगाउँपालिका भित्र रहेका वस्तीमा धुवा रहित चुलो निर्माण गर्न सम्वन्धीत संघसंस्था संग पहल गरि धुवारहित गाउँपालिकाको रुपमा कार्यक्रमहरु अगाडी बढाइने छ । साथै बैकल्पिक उर्जाका स्रोतहरुको खोजी गर्दै बायो ग्याँस,रकेट चुलो ,सौर्य उर्जा जस्ता कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ,
- "वातावरण मैत्री गाउपालिका निर्माणमा जोड दिदै प्लाष्टिक निषेध अभियान, सिसा व्यवस्थापन अभियानहरु लाई अभियानात्मक कार्यक्रमको रुपमा सवै वडामा सञ्चालन गरिने छ ।
- एक घर एक चर्पि कार्यक्रम अनुरुप हरेक घरमा सफा चर्पी निर्माण मा जोड दिइ पानी जन्य सरुवा रोग नियन्त्रणमा आवस्यक कार्यक्रम अगाडी बढाइने छ ।
- "फोहर बाट मोहर" भन्ने नारालाई मध्यनजर गर्दै घरवाटै फोहरलाई तिन तहमा विभाजन गरी प्लाष्टिक जन्य वस्तुहरु तथा कवाडी सामानको विक्री गर्ने , कुहिने फोहरबाट कम्पोष्ट मलको लागि प्रयोग गरिने र पुन प्रयोगमा नआउने बस्तुहरु मात्र डम्पिङ साइडमा पठाइने व्यवस्था अविलम्ब गरिने छ । यसको प्रभावकारी कार्यान्वयनको लागि साझेदार संघ सस्थाहरुको पहिचान गरि सहकार्यमा सम्बन्धि उद्योगको विकासमा टेवा पुर्‍याउने ।

**महिला तथा लैगिंक र दलित समावेशीकरण**

- सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सीप क्षमता अभिवृद्धिका लागि विषेश योजना बनाई कार्यान्वयन गरिनेछ ।
- एकल महिलाहरुका लागि एकल महिला संग अर्जुनचौपारी सरकार कार्यक्रम अन्तरगत उनीहरुको आय आर्जनका लागि बिषेश कार्यक्रम अवलम्वन गरिने छ,
- लैङ्गीक हिंशा न्युनिकरण, घरेलु हिंसा, मानव बेचविखन, विभेद जस्ता असमान्ता विरुद्धका लागि बिषेश कार्यक्रम अवलम्बन गर्दै यसै बर्ष देखि लैङ्गिक हिंसा मुक्त नमुना वडा कार्यक्रम क्रमसः सबै वडाहरुमा संचालन गरिने छ ।
- महिलाहरुको नेतृत्व र निर्णायक भुमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ ।
- महिलालाई सिप र रोजगारी मा समान अवसर उपलब्ध गराई समान कामको समान ज्याला कार्यन्वयन गर्न स्थानिय कानुन वनाई लागु गर्न पहल गरिनेछ ।

- दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागि कार्यक्रम बनाई लागु गरिने छ परंपरागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागु गरिने छ ,जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न पालिकाबाट विशेष व्यवस्था गरिने छ हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको निशुल्क शिक्षाको ज्ञारेन्टी गरिने छ ।
- बिपन्न दलितका छात्र छात्रा हरुलाइ प्राबिधिक शिक्षाको सुनिश्चीतता गर्न दलित छात्रबृत्ती कार्यक्रम लाइ प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

**युवा तथा खेलकुद**

- युवामा लगानी सुनौलो विहानी भन्ने मुल नाराका साथ साना युवा स्वरोजगार अनुदान निति अवलम्बन गरिने छ ।
- संयेलेफाँटको सार्वजनिक मैदानमा व्यवस्थित प्रदेशस्तरीय खेलकुद रगंशाला वनाउन यसै आर्थिक बर्ष भित्र प्रारुप तयार गरिनेछ ।
- युवालाई आत्मनिर्भर,स्वावलम्वी र समाजविकासमा सक्रिय बनाउदै रोजगार सिर्जनका अवसरहरुको खोजी गरिनेछ ।
- “सकारात्मक सोच र उर्जाशिल युवा ह्माम्रो चाहना कुलत रहित स्वस्थ युवा अर्जुनचौपारीको गहना” भन्ने नाराका साथ कुलतमा परेका युवाहरुका लागि बिशेष कार्यक्रम संचालन गरी युवाहरुलाई सीपमूलक तालिम सञ्चालन गरी सीप अनुसारको व्यवस्थाको अवधारण विकास गरिनेछ ।
- प्रत्येक वर्ष गाऊँपालिका स्तरीय खेलकुद प्रतियोगीताको आयोजना गरिने छ । स्थानीय स्तरमै खेलकुद प्रशिक्षक तथा खेलाडि उत्पादन गर्न खेलकुद प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिने छ ।
- विद्यालय स्तरबाटनै खेलकुदको विकास गर्न आवश्यक व्यवस्थापन गरिने छ ।

**बालवालिका**

- वालवालिकाको विकासका लागि बाल मैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानिय शासनका लागि आवश्यक सुचकहरु यसै वर्ष देखि अवलम्बन गरिनेछ ।
- बालबालीका शान्ती क्षेत्र लाइ मुर्त रुप दिन सबै बिद्यालयहरुमा आचार संहिता निर्माण गरि राजनैतिक कार्यक्रमहरुमा पुर्ण प्रतिबनध लगाइने छ ।
- बाल यौन शोषण ,बाल हिंसा र बालश्रम निवारण तथा दृष्टी विहिन तथा अपाङ्गताभएका वालवालिकाको लागि विशेष कार्यक्रम लागु गरिने छ ।
- सहिद वेपत्ताका छोरा छारी हरु वावाआमा गुमाएका टुहुरा वालवालिका हरु संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने निति सँगै उनीहरुको पालन पोषण को उचित प्रवन्ध मिलाइने छ ।

- विद्यालय तथा वडा स्तरमा वाल क्लवहरु गठन गरि पालिका स्तिरिय वाल संजाल निर्माण गरिनेछ ।
- अर्जुनचौपारी गाउँपालिकालाइ वालविबाह मुक्त गाउँपालिका बनाउन विशेष पहल गरिनेछ ।

**<u>विजुलीबत्ती तथा उर्जा</u>**

- यस पालिकालाई उज्यालो गाऊँ पालिका वनाउनका लागी बिद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताकासाथ अगाडी बढाइ विजुली वत्ति विस्तार गरिनेछ ।
- पालिकाका अधिकांश वस्तीहरुमा थ्रिफेज लाईन बिस्तार गरी बिद्यूत सेवाका माध्यमवाट स्थानिय उद्यमको समेत प्रवर्द्धन हुने छ ।
- पर्यटकिय महत्व बोकेका मठ मन्दिरहरुमा र सार्बजनिक स्थान तथा स्थानिय बजारहरुमा सौर्य सोलार बत्ति जडान गरि गाउँपालिका उज्यालो कार्यक्रम अधि बढाइने छ ।
- गाउँपालिकाको सदरमुकाम चक्रपथमा सोलार बत्तीको व्यवस्थापन गरिनेछ ।

**<u>सार्बजनिक निजी साझेदारी कार्यक्रम</u>**

- सरकारी तथा निजीक्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ ।
- साना पूर्वाधार निर्माणका लागि प्रोत्साहान गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रवाट समेत लगानी गरेकोमा समपुरक कोषबाट केहि रकम गाउँपालिकाले व्यहोर्ने गरी साझेदारी कार्यक्रम अगाडी वढाईने छ ।

**<u>भु उपयोग</u>**

- ग्रामिण क्षेत्रमा कतिपय जमिन वाझो रही उत्पादनमा हास भई रहेको छ भने अर्को तर्फ युवा तथा अन्य व्यक्ति वेरोजगारी भई रोजगारीका लागि वैदेशिक रोजगारीमा गई रहेको अवस्था विद्यमान छ । कृषि भुमी, वस्ती क्षेत्र, औद्योगिक क्षेत्र निर्धारण गरि भूमिको सहीसदुपयोग र दीगो विकासका लागि भू उपयोग नीति कार्यान्वयनमा ल्याईनेछ ।

**<u>वन वातावरण जैविक विविधता तथा विपद व्यवस्थापन</u>**

- छाडा चरिचरन रोकौँ पुण्यकम ाका लागि रुख रोपौँ भन्ने मन्त्रका साथ छाडा चरिचरन रोक्न अभियान सञ्चालन गरि आउने पुस्तालाई सुख एक व्यक्ति दुई रुख भन्ने नारालाई सार्थक पार्न वृक्षरोपण अभियान सञ्चालन गरिने छ ।
- वैज्ञानिक वन व्यवस्थापन योजना कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

- गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै कच्ची तथा धुले सडकहरु का किनारामा वृक्षारोपण गरि हरित सडक निमार्ण गर्दै वन वातावरण जोगाउने कार्यक्रम अघि वढाइने छ ।
- उर्जा को मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरता लाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता प्रविधिहरु मा लगानी विस्तार गरिने छ ।
- प्राविधिक जनशक्तिको परिक्षण विना खनिने सडकहरु र तिनवाट सृजना हुने प्राकृतिक विपत्ति मा न्युनीकरण गर्न अन्धाधुन्ध सडक खन्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।
- वन क्षेत्रको सदुपयोग गरी समुदायको दिगो आम्दानीको श्रोतको विकास गर्न आफ्नै निजी खाली रहेका जग्गाहरुमा उपयुक्त भौगोलिक वातावरण अनुकुल हुने गरी रिठा, अमला, अलैची, अम्रीसो, बास, निगालो लगायत अन्य जडीबुटी, गैरकाष्ठ वनपैदावारहरुको खेती विस्तार गर्न विषेश योजना संचालन गरिनेछ । यसका लागि यसै वर्ष सम्भाव्यता अध्ययन सम्पन्न गरिने छ ।

**<u>सुचना र संचार</u>**

- सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसंग सहकार्य गरिनेछ । निश्चित आधार तथा मापदण्ड निर्धारण गरी सञ्चार माध्यमहरुको वर्गीकरण तथा विशिष्टिकरण गरिने छ ।
- सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ-संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्‍याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्न जोड दिईनेछ ।
- सुशासन परियोजनाको सहयोगमा शुसाशन प्रवर्द्धनका लागि On line system प्रयोगमा ल्याइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिका र अर्न्तगतका वडा कार्यालयहरुमा टेलिफोन, इमेल, ईन्टरनेटको व्यवस्था मिलाउने र सूचना तथा जानकारीका लागि गाउँपालिकाको आफ्नै Web Site संचालनमा ल्याईने छ । साथै खर्चलाई व्यवस्थित गर्न लेखा सम्वन्धी सफ्टवयरको प्रयोग गरी केन्दीय लेखा प्रणालिमा आवद्ध गरिने छ ।
- रेडियो अर्जुनचौपारीको लागि सहकारीको माध्यमबाट सञ्चालन सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ साथै गाउँपालिका भित्र संचालित योजना/कार्यक्रमहरुको सूचना, जानकारी उपलव्धीका कार्यहरु प्रसारणका लागि स्याङ्जा टि.भी लाई प्रयोजनमा ल्याईनेछ ।
- सामुदायिक विद्यालयहरुमा टेलिफोन, ईन्टरनेटको क्रमिक रुपमा विस्तार गरिनेछ ।

**<u>सुशासन सेवा प्रवाह र जनशक्ती विकास</u>**

- जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायि भएकाले हेलो अर्जुनचौपारी सरकार कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

- गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट Networking गर्दै E Governance सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडाहरु मा इन्टरनेट सेवा इ हाजीरि को प्रारम्भ गरिने छ ।
- गाउँपालिका भित्र भ्रष्टाचारमा शुन्य सहनशीलता नीति लिईनेछ ।
- सार्बजनिक प्रशासनमा न्युन जनशक्तिीके अधिकतम प्रयोग गर्न कम्प्युटर तालीम ,कार्यालय ब्यबस्थापन तालीम आदिको आयोजना गरि कर्मचारीहरुलाइ उच्च मनोवलका साथ काम गर्ने बातावरणको श्रृजना गरिने छ ।
- सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दे आन्तरीक खर्चलाई चुस्त बनाईनेछ र कार्यालयवाट हुने सवै भुक्तानी बैक मार्फत हुने व्यवस्था मिलाइनेछ ।

## गाउँ सभाको उपाध्यक्ष चिनमाया गुरुङद्धारा तेश्रो गाउँ सभामा प्रस्तुत भएको बजेट मन्तव्य :

अर्जुनचौपारी गाउँपालिकाको तेश्रो एतिहासिक गाउँ सभाका अध्यक्षता ग्रहण गरि रहनु भएका अध्यक्ष तथा अर्जुनचौपारी गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, ६ वटै वडाका अध्यक्षज्यहरू, कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण गाउँपालिका सदस्यज्यूहरु, सम्पूर्ण पाटीका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विभिन्न समितिका पदाधिकारीज्यूहरु, राष्ट्र सेवक कर्मचारी एवं गाउँ सभामा उपस्थित सम्पूर्ण व्यक्तित्वज्यूहरु ,

सुन्दर शान्त हराभरा अनि विविध सांस्कृतिक, धार्मिक तथा पौराणीयक सम्पदाले भरीपूर्ण यस अर्जुनचौपारी गाउँपालिकाको तेश्रो गाउँ सभाको यो ऐतिहासिक घडीमा उपस्थित सम्पूर्ण व्यक्तित्वहरु प्रति मेरो व्यक्तिगत तर्फबाट र सिङ्गो गाउँपालिकाको तर्फबाट शव्दरुपी पुष्प गुच्छा द्बारा हार्दिक स्वागत अभिवादन टक्राउँदछु ।

यस ऐतिहासिक घडीमा अर्जुनचौपारी गाउँपालिकालाई नामाकरण सहित देशभरीका ७५३ स्थानीय तह भित्र समाहीत गराउनको निम्ती जिल्ला देखि सिंहदरबार सम्म घचघचाई अहोरात्र पसिना बगाउनु हुने सम्पूर्ण महान व्यक्तित्वहरुलाई यसै अबसरमा पुन नमन गर्न चाहन्छु । आजको नेपाल निर्माणको इतिहासको विभिन्न काल खण्डमा देश र जनताको परिवर्तनको पक्षको लागि प्राण आहुती गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु । साथै ऐतिहासीक जन आन्दोलनको क्रममा घाईते हुनुभएका अपाङ्, विधुवा, विधुर तथा बेपत्ता परिवारजनप्रति यस अबसरमा स्मरण गर्दै आत्म देखि मन, वचन र कर्मले उहाँहरुको सपना परिपूर्ति गर्ने गोरेटो तर्फ अगाडी लम्कीरहने प्रतिवद्धता व्यक्त गर्दछु ।

केन्द्रीकृत शासन व्यवस्थाको अन्त्य गदै विकेन्द्रीत राज्य प्रणालीमा पाइला सार्न अगाडी बढेका हाम्रा यि सृजनशिल हातहरु नेपालको संविधान, २०७२ कार्यान्वयन सँगसगै नेपालको इतिहासमा पहिलो पटक गठन भएको स्थानीय सरकारको सञ्चालन ऐन अनुसार आजको यो तेश्रो गाउँसभामा सम्पूर्ण वडा, टोल, बस्तीहरुको निम्त्त सर्वागीण विकास गरी सम्मउन्नत गाउँपालिकाको परिकल्पना साकार गर्ने हेतुले निर्माण गरिएको आर्थिक बर्ष २०७५/७६ को बजेट पेश गर्नको निम्ती यहाँहरु बीच उभिईरहँदा सिंहदरबार नै आज अर्जुनचौपारीमा आएको भन सहित आफूलाई निकै गौरवान्वित महशुस गरेकी छु ।

आजको तेश्रो गाउँ सभा सम्म आईपुग्दा ६ वटै वडाहरुमा सोलार सहित ईन्टरनेट जडान सवै वडा कार्यालयहरु सम्म हिउदे सडक, गोरेटोबाटो निर्माण, सम्पूर्ण सडकहरुको डि.पि.आर तयार तथा स्वास्थ्य र शिक्षाको आधारभूत आवश्यकता सम्म परिपूर्ति गर्न केहि सफलता हात परेको महशुस भएको छ । मलाई लाग्छ

यस अवधि भरि गाउँपालिका भरी ३८ वटै टोलहरुका विभिन्न बस्तीहरुमा छरिएर रहेका महिला बालवालिका देखि बृद्ध सम्म दलित आदिवासी, जनजाती देखि खस आर्य जाती सम्म, अति विपन्न गरिब देखि धनी वर्ग सम्म, अपाङ्ग देखि सपाङ्ग व्यक्तिहरुको न्यायको शिलशिलामा कहि कतै पनि कुठारघात नभई आजको मिति सम्म निश्पक्ष र विभिन्न रुपमा दुःधको दुध पानिको पानि सहित न्यायोचित रुपमा न्याय सम्पादन गरेको मलाई महशुस भएको छ ।

आदरणीय सभा अध्यक्ष, पार्षद तथा कर्मचारी मित्रहरु
स्थानीय तहको निर्वाचन सम्पन्न भई बनेको स्थानीय सरकारले एक आर्थिक बर्ष बिताईसकेको छ । यो बर्ष हामी सबैको लागि प्रयोग, सिकाई, थोर बहुत उपलव्धी, केही चुनौती र धेरै आत्म विश्वासको समिश्रणको रुपमा ग्रहण गर्दै नयाँ नयाँ परिस्थिती सँग साक्षात्कार हुने अवसर प्राप्त भएको छ फलस्वरुप अवको बाँकी कार्यकाल सफलीभूत तुल्याउन यि अनुभवले पक्कै सेतुको रुपमा काम गर्नेछन् । पहिलो बर्षमा जनअप्रेक्षा र व्यग्रमागको संवोधनको लागि बाध्य भएर साना फुटकर योजनाहरु तर्जुमा भई कार्यान्वियन भएबाट आगामी बर्षहरुमा ठोस र उत्पादनमुखि योजनाहरुमा केन्द्रीत हुनपर्ने भएकोछ ।

उपस्थित श्रदेयजन,

अब म चालु आ.व. २०७४/७५ को समिक्षा गर्न चाहन्छु

चालु आर्थिक बर्ष व्यतित हुनका लागि अब केही दिनहरु मात्र बाँकी रहेका छन् । गत बर्ष मैले यसै गाउँसभामा बजेट पेश गर्दा कूल २३ करोड १७ लाख १२ हजार ३ सय बहत्तर रुपयाको बजेट पेश गरेको थिएँ । सो रकम मध्ये कूल चालु खर्च १२ करोड २८ लाख ७७ हजार र पूँजीगत जम्मा खर्च १० करोड ८८ लाख ३५ हजार ३ सय बहत्तर र सो मध्ये शर्शत संघीय खर्च तर्फ जम्मा ९ करोड ३ लाख ६७ हजार रहेको थियो । चालु आर्थिक बर्षको संरचनामा आन्तरीक श्रोत प्रक्षेपण कूल ३६ लाख २८ हजार रहेकोमा चालु आर्थिक बर्षको अन्त्य सम्म कूल १६ लाख आन्तरिक श्रोत संकलन हुने संशोधित अनुमान रहेको छ ।

माथि प्रस्तुत गरिएको तथ्याङ्कमा गरिब सँग विशेश्वर, एल.जि.सी.डि.पी, पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजनाको खर्च संलग्न गरिएको छैन । ती शिर्षकहरुमा प्राप्त रकम मध्ये चालु आर्थिक बर्षमा खर्च हुन नसकेको रकमहरु नेपाल सरकारको संघीय सर्वसञ्चित कोषमा दाखिला गरी गाउँपालिकाको खातामा ती शिर्षकहरुमा रकम शुन्य बनाउने व्यवस्था मिलाएको छु । साथै खर्च हुन नसकेका चालु तथा पूँजीगत तर्फका सम्पूर्ण रकमहरु गाउँपालिकाको मूल संचित कोषमा दाखिला गर्ने गरी हेलु–अर्जुनचौपारी सडकका लागि विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

चालु आर्थिक बर्ष योजना निर्माणको पहिलो बर्ष रहेको, देश संघीयतामा गएपछि स्थानीय सरकारले बनाउनु पर्ने पहिलो बजेट भएकाले र प्रदेश सरकार गठन नभईसकेको अवस्थामा बजेट निर्माणमा केही अन्यौलता रहन गएको थियो । संघबाट प्राप्त हुने वित्तिय समानीकरणको रकमबाट कुन कुन विषय क्षेत्रमा बजेट विनियोजन गर्ने भनी प्रष्ट निर्देशन प्राप्त नहुदा शुरुमा कृषि, पशु सेवा र महिला तथा बालवालिका कार्यालय तर्फका योजनाहरु समेटन सकिएन । दोश्रो गाउँसभाबाट केही बजेट संशोधन गरी छुटेका विषय क्षेत्रका लागि केही बजेट व्यवस्था मिलाईएको थियो ।

चालु आर्थिक बर्षको अधिकांश बजेट पूर्वाधार विकास तर्फ नै विनियोजन गरिएको थियो । जनताका प्रायः अपेक्षाहरु स्थानीय सडक निर्माणमा रहेका हुनाले पनि ठुलो आकारको बजेट स्थानीय सडक निर्माणमा खर्च भयो । पूर्वाधार विकासका अलावा चालू आर्थिक बर्षमा कृषि, सामाजिक विकास तर्फ, महिला तथा बालबालिका

कार्यालयका कार्यक्रम तथा विपद् व्यवस्थापन संस्थागत विकासका केही कार्यक्रमहरु कार्यान्वियनमा आएको समेत यस गरिमामय गाउँसभाको बैठकमा जानकारी गराउन चाहन्छु ।

चालु आर्थिक बर्षमा शिक्षा, स्वास्थ्य क्षेत्र तर्फ शर्शत अनुदानबाट पर्याप्त चालु प्रकृतिका कार्यक्रमहरु कार्यान्वियनमा आएका छन् । आकष्मिक/परिस्थितिजन्य भौतिक निर्माण तथा प्रकोप व्यवस्थापन सम्वन्धमा समेत केही रकम खर्चिएको छ । महिला, बालबालिका जेष्ठ नागरिक, दलित समुदाय तथा विपन्न वर्ग तथा फरक क्षमता भएका नागरिकको जिवनस्तरमा प्रभाव पार्ने खाल्का केही साना खाले आयोजनाहरु समेत कार्यान्वियन भए ।

संस्थागत विकास तर्फ गाउँपालिका अन्तर्गतका विद्यालयहरु, स्वास्थ्य संस्थाहरु, आमा समुहहरु, गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुका लागि समेत केही कार्यक्रमहरु संचालनमा ल्याइयो । चालू आर्थिक बर्षको अनुभवले आगामी आर्थिक बर्षमा अझै प्रभावकारी कार्यक्रमहरु कार्यान्वियनमा ल्याउनको लागि गाउँकार्यपालिका कार्यालय हरदम तत्पर र तयार रहेको यहाँहरु सँग निवेदन गर्न चाहन्छु ।

समग्रमा, चालु आर्थिक बर्ष सन्तोषजनक रुपमै व्यतित भएको मैले अनुभव गरेकी छु । आगामी आर्थिक बर्षमा अझै सबल रुपमा सेवा प्रवाह तथा विकास निर्माणिका कार्यहरु अघि बढाईनेछ । यस तर्फ सवै सरोकारवालहरुको चासो र चिन्ता रहनेछ भन्नेमा पूर्ण अपेक्षा पनि लिएकी छु ।

अध्यक्ष तथा पार्षद महोदय,

अध्यक्षज्यू मलाई लाग्छ राष्ट्रको आमुल परिर्वतन पश्चात जनताहरुको भावना धेरै फेरिएको छ । इच्छा र चाहानाहरु बदलीएका छन । दिन २ गुना रात ४ गुनाका दरले यहाँहरु यस गाउँपालिकालाई एक सवल र सक्षम गाउँपालिकाको रुपमा देख्न आतुर हुनुहुन्छ तर हामी सिमित श्रोत र साधन, भौगोलिक स्थिती एवं प्राविधिक कठिनाईको कारणबाट जनताहरुको सम्पूर्ण आशा चाहानाहरुलाई एकै पटक परिपूर्ती गर्न नसकिएको प्रति अत्यन्त सम्वेदनशिल र सजग छौ । मलाई विश्वास छ आगामी दिनहरुमा जनता सँग प्रत्यक्ष जोडिएका गाँस,बास र कपासको समस्या प्रति पूर्ण सचेत बन्दै यस गाउँपालिका भरीका सम्पूर्ण जनताहरुको दैनिक जिविकोपार्जन लगायत आर्थिक उन्नतीको दिगो बाली विकास निर्माणको चरम बिन्दुमा पुर्‍याउने तर्फ हाम्रा हर कदमहरु अगाडी बढीरहने प्रण गर्न चाहन्छु ।

बिगत बर्षको तिता मिठा अनुभवहरुलाई समिक्षा पश्चात यस गाउँपालिकालाई आर्थिक सामाजिक, नैतीक, भौतिक सम्पूर्ण रुपमा एक सवल सक्षम र आत्म निर्भर गाउँपालिकाको रुपमा अगाडी बढाउने प्रणका साथ यहाँहरुको बीचमा ल्याइएको आगामी आ.व. २०७५/७६ को अनुमानित आय व्यय बजेट पेश गर्ने अनुमती चाहन्छु ।

आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरु बस्ती स्तरबाट शुरु गरी वडा कार्यालय, विषयगत समिति, योजना तथा कार्यक्रम तर्जुमा समिति र पटक–पटक गाउँ कार्यपालिकामा छलफलको प्रबन्ध मिलाई आजको यस गाउँसभामा पेश गरेको बेहोरा समेत सवै गाउँसभाका सदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

- आगामी आर्थिक बर्षमा थुप्रै योजना/कार्यक्रमहरु संघ र प्रदेशको सहकार्यमा सम्पन्न हुनेछन् । त्यस्ता ठुला खालका योजनाहरुमा संघ/प्रदेश तथा स्थानीय तहको लागत साझेदारी रहने छ । लागत साझेदारीका आयोजनाहरु सम्पन्न गर्नका लागि छुट्टै समपुरक कोषमा रु १ करोड बजेट प्रस्ताव गरेकी छु ।
- गाउँपालिकाको योजना निर्माण प्रकृयालाई विकेन्द्रीत तथा वडाहरुलाई समेत विकास योजनाहरु छनौट गर्न स्वायत्तता मिलोस भन्ने ठानेर प्रत्येक वडाहरुलाई रु ४१–४३ लाखका दरले आयोजना/कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाईएको छ । ती आयोजना तथा कार्यक्रमहरुको लागि कूल २ करोड ५१ लाख बजेटको प्रस्ताव गरेकीछु । प्रत्येक वडालाई उपलव्ध भएको श्रोत सुनिश्चिताबाट प्राप्त आयोजनालाई गाउँ सभाबाट पारित भए पछि योजना पुस्तिकामा राख्न प्रस्ताव गरेकीछु ।
- अर्जुनचौपारी गाउँपालिकाको समग्र विकासको लागि कृषि र पशु क्षेत्रको विकास नै पहिलो शर्त हो । त्यसैले कृषि क्षेत्रको प्रवर्द्धन तथा परम्परागत कृषि प्रणालीमा आधुनिक प्रविधिको प्रयोग गरी कृषि क्षेत्रको विकासमा टेवा पुर्‍याउने स्वरोजगार युवा तथा महिला स्वउद्यम कार्यक्रम लागू गर्ने प्रस्ताव गरेकीछु । वडा स्तरबाट श्रोत सुनिश्चता भएका कार्यक्रमहरुलाई यथावत प्रस्ताव गरी कृषि तथा पशु विकास कार्यक्रमको लागि थप ५0 लाख बजेट प्रस्ताव गरेकी छु । यसबाट एक वडा एक नमुना कृषि कार्यक्रम लागू गराईनेछ । युवा आयआर्जन कृषि कार्यक्रमका लागि बजेट प्रस्ताव गरेकी छु ।
